# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७९।०६।१०

## प्रेस विज्ञप्ति

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलहरूले आ-आफ्नो घोषणापत्र तयार पारिरहेका छन् । राजनीतिक दलका घोषणापत्रहरूमा आमसञ्चारको क्षेत्रलाई कसरी सम्वोधन गरिएको छ भन्ने कुरालाई नेपाल पत्रकार महासंघले गम्भीर चासोका साथ हेरिरहेको छ ।

संविधानसभाबाट जारी नेपालको संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, नागरिक अधिकार, नेपाली सञ्चार क्षेत्रले उपभोग गर्दै आएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र यसका विश्वाव्यापी मूल्य, मान्यता अनुरूप दलहरूले घोषणपत्रमार्फत आफ्ना प्रतिवद्धाहरू सम्वोधन गरुन भन्ने आग्रह र अपेक्षा महासंघले राखेको छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चिततासँगै व्यवसायी पत्रकारिताको विकास र विस्तारका लागि आवश्यक नीति, कानुन र संरचनाहरू तयार गरी सशक्त र सम्मुनत सञ्चार क्षेत्रको निर्माण गर्ने प्रतिवद्धता र कार्यक्रमहरू दलहरूका घोषणापत्रमा समावेश गरुन भन्ने उद्देश्यले नेपाल पत्रकार महासंघले सबै राजनीतिक दलका शीर्ष नेतृत्व र घोषणापत्र तयार गर्ने समिति वा कार्यदलसँग भेटी छलफल तथा अन्तर्क्रिया गर्ने निर्णय गरेको छ ।

यस अभियानमा सम्बन्धित सबैले महासंघलाई आवश्यक सहयोग र समन्वय गरिदिनु हुनेछ भन्ने अपेक्षा राखेको छौं ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org